# नापी कार्यालय गुलरियाको कमाउ धन्दा, कित्ताकाटमै लाखौँ असुल्दै

**दीपककुमार शर्मा/हिटा**

बर्दिया, १५ जेठ




व्यवस्था परिवर्तन भए पनि अवस्था नफेरिएको कार्यालयको नाम लिनुपर्दा मालपोत तथा नापी कार्यालय पहिलो नम्बरमा आउँछ भन्दा फरक नपर्ला । कार्यालयले दिने सेवा प्रवाहमा पहुँचवालाहरूको दबदबा बढेपछि नापी कार्यालय गुलरिया बर्दियामा कित्ताकाट गरेबापत सेवाग्राहीले खुलेआम १० हजारदेखि ३० हजारसम्म घुस खुवाउनुपर्ने बाध्यता रहेको छ ।

दिनहुँजसो भिडभाड हुने नापी कार्यालय गुलरियामा सरकारले निर्धारण गरेको मूल्य ५० हजार र चलनचल्तीमा ६० देखि ८० हजार प्रतिकट्ठामा पाइने जमिनलाई कित्ताकाट गर्दा कार्यालयलाई २५ हजार रुपैयाँसम्म घुस खुवाउनुपर्ने बाध्यता रहेको छ । घुस नखुवाएसम्म फाइल अगाडि बढ्दैन, लेखापढी गर्ने व्यक्तिसँग समन्वय गरेपछि घुस रकम पनि उपलब्ध गराएपछि कार्यालयका प्रमुख किसनसिंह विष्टको इशारामा काम तत्कालै हुने गरेको सेवाग्राहीको आरोप छ ।

सबै कागजात तयार पारेर सेवाग्राही आफैं गएको अवस्थामा अंशबण्डाका लागि कित्ताकाट गर्दा महिनौँ लाग्ने तर च्यानलमार्फत् गएको अवस्थामा भने काम तत्कालै हुने गरेको छ । कित्ताकाट गर्दा कुनै राजस्व लाग्दैन तर कर्मचारीको गलत नियतका कारण अहिले कित्ताकाटको कर्मचारीले तोकेरै रकम लिने गरेका छन् । नापी कार्यालयका प्रमुख विष्ट कार्यालयमा कमै उपस्थिति हुने गर्नुभएको छ । विष्ट महिनामा आठदेखि १० दिनमात्रै कार्यालयमा भेटिने गरेको सेवाग्राहीको भनाइ छ । महिनाको अन्तिम दिन तथा अन्य दिनमा घुसबाट महिनाभरि उठेको रकम उहाँका सहयोगी र अन्य कर्मचारीहरूले संकलन गरी बुझाउने गरेको एक कर्मचारीले नाम नछापिदिने शर्तमा बताउनुभयो ।

सामान्य कित्ताकाटका लागि सेवा लिन आउने सेवाग्राहीलाई यो मिलेन त्यो मिलेन भन्दै महिनौँ झुलाउने गरिएको छ । कार्यालय पनि कर्मचारीकै योजनामा चलिरहेको छ । नापी अधिकृत कार्यालयमै बस्नुपर्ने हो तर कुनै दिन नापी प्रमुख विष्ट लामो बिदापछि कार्यालयमा एक दिन हाजिर भएर तालिमका लागि गएकै दिन नापी अधिकृत पवन गुप्तालगायतका कर्मचारी फिल्ड जाने गर्नुहुन्छ । फिल्डमा सरकारले तोकेको भन्दा बढी रकम लिन पाइने भएको हुँदा पनि यसरी फिल्डमा अधिकृतसमेत जाने गरेका छन् । नापी कार्यालय गुलरियाका प्रमुख विष्टले नागरिकका समस्या आफ्नो टेबुलमा नआउने गरेको बताउनुभयो । उहाँका अनुसार कुनै कर्मचारीले घुस मागेको भए त्यस विषयमा आफूलाई थाहा नभएको बताउनुभयो । विष्टले यस्तो दाबी गरिरहँदा सेवाग्राही भने पीडित बनेका छन् ।

# श्रमिक, मजदुरलाई गणतन्त्र 'हर्ष न विस्मात !' भन्छन्– 'गणतन्त्रले चुलो बल्दैन'

**रामचन्द्र रायमाझी/हिटा**

पाल्पा, १५ जेठ




सोमबार 'धुमधाम'का साथ १६औँ गणतन्त्र दिवस मनाइयो । तर, नागरिकस्तरमा दिवसले कुनै खुसी दिएन । दिनभर श्रम गरेर साँझ पेट भर्ने श्रमिक तथा मजदुरलाई त गणतन्त्र आउनुले कुनै फरक पारेन । उनीहरूको दुःख, अभाव र पीडा उस्तै छ । बगनासकाली घोरबन्दाका मानबहादुर कुमालाई गणतन्त्र दिवस किन मनाइन्छ, थाहा छैन । अघिल्लो वर्ष दिनभर भारी बोकेर साँझ घर फर्किएपछि थाहा पाउनुभएको थियो 'गणतन्त्र दिवस' रहेछ भन्ने । यो साल पनि त आयो गणतन्त्र दिवस भन्दा उहाँ विरही स्वरमा भन्नुहुन्छ, 'गणतन्त्र दिवस आयो, त्यसको न चिन्ता न चासो छ मलाई । मेरो चिन्ता देशमा गणतन्त्र दिवस आउँदा मेरा लागि बाटोमा भारी बोकाउने मान्छे आउँछन् आउँदैनन् भन्ने हो ।' उहाँलाई थाहा छ, 'चाडपर्वसँगै उहाँसँग परिवारले गर्ने आशा । अनि महिनौँदेखि थाप्लोमा नाम्लो नपर्दाको आफ्नो नियति' । कुमाल भन्नुहुन्छ, 'गणतन्त्र दिवसले मेरो चुलो बाल्दैन । चुलो बल्न भारी बोक्नुपर्छ । भारी बोक्न यहाँको बजार खुल्नुपर्छ, यही मेरा लागि ठूलो कुरा हो ।'

'गणतन्त्र आइसकेपछि हामी जस्ता मजदुरको लागि रोजगारीलगायत केही व्यवस्था हुनुपर्थ्यो । तर, केही भएन । नेताहरू आफैँ कुर्सीको लागि लड्दै ठिक छ' सोमबार तानसेनको मखनटोलमा हातमा नाम्लो लिएर कामको खोजीमा भौतारिँदै गर्नुभएका शंकर कुमालले भन्नुभयो । '२०६० सालदेखि तानसेनमा भारी बोकेरै जीविकोपार्जन गर्दै आएको अहिले २० वर्ष भयो । गणतन्त्रको आन्दोलनमा हामी पनि सहभागी भयौँ हो । तर, हाम्रा लागि भने केही भएन । यही भारी बोक्ने काम पनि पहिलेजस्तो पाइँदैन । खोइ त हामीलाई सरकारले हेरेको ? भारी नबोके खाने अर्को उपाय छैन ।' कोभिडपछि सुस्ताएको तानसेनको बजारमा भारी बोक्ने कामसमेत पाउन छोडिसकेको कुमालको गुनासो छ । उहाँले भन्नुभयो, 'केही काम गरौँ भने पनि नेपालमा अरू उद्योग, कलकारखाना छैन, बालबच्चा पाल्नलाई धौ धौ छ । जेनतेन भारी बोकेरै भए पनि बालबच्चालाई हुर्काउने र पढाउने गरेको थिए । तर, अहिले काम नै नपाएपछि हामीले के गरेर खाने । अनि यो गणतन्त्रले हामीलाई के दियो त ?' गणतन्त्र आएपछि त हामी जस्ता गरिबलाई त यस्ता कुरामा हेर्नुपर्थ्यो तर सरकारले हेरेन गहभरी आँसु झार्दै कुमाले गुनासो पोख्नुभयो ।

उहाँको जस्तै मञ्जु खनालको पनि व्यथा उस्तै छ । तानसेन धरम्पानीकी मञ्जु खनालले तानसेनका गल्ली गल्लीमा सागको डोको बोकेर हिँड्न थालेको एक दशक बित्यो । छोरा सानै थिए, छोरालाई हुर्काउने र बिहान बेलुकाको छाक टार्नका लागि कमाउने जिम्मेवारी उहाँको एक्लो काँधमा थियो । कैयौँ दिन छोरालाई आङमा राखेर उहाँले सागका मुठा बेच्नुभयो । ती अप्ठ्यारा दिनको कल्पना गर्दा आज पनि उहाँलाई दुःख लाग्छ । खनालले डोकोमा तरकारी डुलाउँदा डुलाउँदै कैयौँ गणतन्त्र दिवस आए गए तर उहाँलाई कुनै सहज भएन । हिजो पनि तरकारीको पैसाले छाक टारेर तरकारीमा लगानी गर्न पुग्छ पुग्दैन भन्ने चिन्ताले सताउँथ्यो । आज पनि सोही चिन्ता र पिरले पछ्याइरहन्छ उहाँलाई ।

तानसेनमा घर बनाउने काम गर्दै आउनुभएकी सुन्तली नेपालीले पनि गणतन्त्रको कुनै पनि अनुभूति नभएको बताउनुहुन्छ । उहाँलाई ज्याला मजदूरी गरेर दैनिक पाँच सय रुपैयाँबाट छोराछोरीको पढाइ र घर खर्च चलाउनुपर्ने बाध्यता छ । 'गणतन्त्र आएपछि देशमा केही हुन्छ कि भन्ने आशा पलाएको थियो तर, १५ वर्ष बित्यो हामी मजदुरको अवस्था उस्तै छ,' उहाँले भन्नुभयो, 'प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र, संघीयता सबै आयो । हाम्रो अवस्थामा खै कुनै परिवर्तन आएन ।' गणतन्त्र दिवसको अघिल्लो दिन रिडी खोलाको बगरमा भेटिनुभएकी गुल्मी चन्दकोटकी मीना दर्जीलाई गिट्टी नकुटे साँझ बिहानको हातमुख जोर्ने अर्को उपाय छैन् । खोला छेउछाउ दिनभर गिट्टी कुटेर दर्जीले पाँच जनाको परिवार पाल्दै आउनुभएको छ । खोला छेउछाउ पुगेर ढुंगा खोज्ने अनि, दिनभर शीतल छहारीमा बसेर गिट्टी कुट्ने कामले दर्जीलाई दिन गएको पत्तो हुँदैन । 'के श्रमिक दिवस के गणतन्त्र ? केही थाहा छैन्' मुसुक्क मुस्कुराउँदै उहाँले भन्नुभयो । 'गणतन्त्र आयो त भन्छन्, खै हामी मजदुरी गरेर खानेलाई गणतन्त्रको कुनै महशुस नै हुन सकेको छैन,' उहाँले थप्नुभयो 'बुढेसकाल लागिसक्यो । गणतन्त्र आयो तर, हाम्रा दिन फेरिएनन् ।'

कुमाल, खनाल, दर्जी र नेपाली त केही प्रतिनिधि पात्र मात्र हुनुहुन्छ । उहाँहरू जस्ता पूरै देशमा काम गर्ने मजदुरहरूको अवस्था उस्तै छ । सोमबार सरकारले सार्वजनिक बिदा दिएर देशैभर हर्षोल्लासपूर्वक १६औँ गणतन्त्र दिवस मनाइरहँदा दैनिक ज्याला मजदुरी गरी जीवन चलाउँदै आएका पाल्पाका श्रमिक तथा मजदुरहरूलाई भने चुलो बाल्नै हम्मेहम्मे छ । एउटा राजा फालेर गाउँ-गाउँमा सरकार पुग्ने गरी आएको संघीय लोकतान्त्रिक गणतन्त्र श्रमिक, मजदुरका लागि भने कागलाई बेलजस्तै भएको छ ।

# कोशी प्रदेशमा जबरजस्ती करणीका घटना बढे

**चिसाङ शेर्पा/हिटा**

खोटाङ, १५ जेठ

कोशी प्रदेशमा जबरजस्ती करणीका घटना बढी देखिएका छन् । चालु आर्थिक वर्षको साउनदेखि वैशाखसम्म खोटाङ, सोलुखुम्बु र ओखलढुंगामा सबैभन्दा बढी जबरजस्ती करणीका घटना घटेको मानवअधिकारको तथ्यांकले देखाएको छ ।

खोटाङ, ओखलढुंगा, सोलुखुम्बु हेरिरहेको राष्ट्रिय मानवअधिकार आयोग कोशी प्रदेश शाखा कार्यालय खोटाङका अनुसार खोटाङमा १३, ओखलढुंगामा १५ र सोलुखुम्बुमा १३ जना महिलामाथि जबरजस्ती करणी भएको छ । यी तीनै जिल्लामा एक/एक जनाले बहुविवाह गरेका छन् । खोटाङमा चार, ओखलढुंगामा चार र सोलुखुम्बुमा चारजनामाथि जबरजस्ती करणी उद्योग भएको छ ।

ओखलढुंगामा सबैभन्दा धेरै ७४, सोलखुम्बुमा ३४ र खोटाङमा ३१ वटा घरेलु हिंसा हुँदा खोटाङमा ३१, ओखलढुंगामा ३३ र सोलुखुम्बुमा २९ जनाले झुण्डिएर आत्महत्या गरेका छन् । शिक्षक/संस्थापकबाट चालु आर्थिक वर्षको वैशाखसम्म खोटाङमा दुई, ओखलढुंगामा सात र सोलुखुम्बुमा दुईवटा बालयौन दुरूपयोगविरुद्ध मुद्दा दर्ता भएका छन् ।

यस्तै, तीनै जिल्लाका कारागारहरूको भौतिक संरचना र आन्तरिक व्यवस्थापनमा सुधार हुन नसकेको, कारागारमा क्षमताभन्दा बढी कैदीबन्दीहरू रहेका, अपराधजन्य घटनाहरू नरोकिएका, प्राकृतिक प्रकोप र विपत्तिजन्य घटनापछि उद्धार तथा राहत वितरणका काम भए पनि सम्भावित क्षेत्र पहिचान, स्थानान्तरण र सचेतना अभिवृद्धिलगायत दीर्घकालीन व्यवस्थापन नभएको, खोटाङ, ओखलढुंगा, सोलुखुम्बुमा २० वर्ष नपुगी बच्चा जन्माउने महिलाको संख्या १६ प्रतिशत रहेको मानवअधिकार आयोगको तथ्यांकले देखाएको छ ।

## रक्तचन्दनको तेलसहित आठजना पक्राउ

**काठमाडौं/हिटा ।** रक्तचन्दनको तेलसहित प्रहरीले काठमाडौंबाट आठजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा काठमाडौं महानगरपालिका-७ चाबहिल बस्ने सुशील पाठक, कालिकोट रासकोट घर भई हाल काठमाडौंको चाबहिल बस्ने विनोद बराल, सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-१५ घर भई कलंकी बस्ने ज्ञानबहादुर ओली रहेका छन् । यस्तै, रामेछाप लिखु तामाकोशी घर भई काँडाघारी बस्ने नवीन दाहाल, सोही ठाउँ बस्ने गोकर्णहरि दाहाल, बाँके घर भई चाबहिल बस्ने निलकान्त भुसाल, धादिङ घर भई जडीबुटी बस्ने मोहनबहादुर विश्वकर्मा र खेमराज घिमिरे छन् । तेलको मूल्य झण्डै दुई करोड बराबर रहेको प्रहरीले जनाएको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका अनुसार उक्त तेलको अवैध कारोबारमा संलग्न उनीहरूलाई पक्राउ गरी कारबाहीका लागि डिभिजन वनलाई बुझाइएको टोलीले उनीहरूलाई पक्राउ गरी ८० लिटर रक्तचन्दनको तेल बरामद गरेको हो ।

## ट्याक्टर दुर्घटना हुँदा दुईजनाको मृत्यु

**नृपेन्द्रबहादुर मल्ल/मुगु ।** मुगुको छायाँनाथ रारा नगरपालिका-१४ बाममा ट्याक्टर दुर्घटना हुँदा दुईजनाको घटनास्थलमै मृत्यु भएको छ । आइतबार राती सदरमुकाम गमगढी बजारबाट खानेपानीको पाइप बोकेर बाम जाने क्रममा बामको फलातनजिकै लु ४ प ७३६८ नम्बरको ट्याक्टर सडकबाट ५० मिनेट तल खस्दा दुईजनाको मृत्यु भएको हो । मृत्यु हुनेमा ३० वर्षीय चालक काशिलाल बडुवाल र २० वर्षीय सहचालक शिव बडुवाल रहेको प्रहरीले जनाएको छ । उहाँहरूको घटनास्थलमै मृत्यु भएको हो । आइतबार राती घटना भए पनि घटनाबारे सोमबार बिहानैमात्र थाहा भएको वडा नं. १४ का वडाध्यक्ष जुनबहादुर खड्काले बताउनुभयो । दुर्घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.
**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
बनबाटिका शाखा, तिलोत्तमा नगरपालिका, रुपन्देही
सम्पर्क फोन: +९७७-०७१-४१४७१३

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम श्री कर्णबीर रानाको नाति, लक्ष्मन रानाको छोरा, साविक पर्वत जिल्ला महाशिला गाँउपालिका वडा नं. १ हाल लुम्बिनी प्रदेश रुपन्देही जिल्ला, तिलोत्तमा नगरपालिका वडा नं. १ बस्ने ७६ वर्षको श्री ओम बहादुर रानाको मिति २०७९/११/२२ (ई.सं. ०६/०३/२०२३) मा मृत्यु भएकोले स्व. ओम बहादुर रानाकी पत्नी हाल तिलोत्तमा नगरपालिका वडा नं. १ बस्ने श्रीमती मयादेवी रानाले मृतकको एकलनाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको बनबाटिका शाखा, तिलोत्तमा नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

ISO 9001 Certified Bank
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

NIC ASIA
एन आई सी एशिया बैंक लि.
**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
पर्सा शाखा, खैरहनी नगरपालिका, चितवन
सम्पर्क फोन: +९७७-०५६-५८२२६२ /५८२८२३

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम श्री ठुलो काले कुमालको नाति, बुद्धसिङ्ग कुमालको छोरा, बागमती प्रदेश चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं. ११ हाल भरतपुर - ११ बस्ने ५३ वर्षको श्री नरेश बहादुर कुमालको मिति २०७६/११/१४ (ई.सं. २६/०२/२०२०) मा मृत्यु भएकोले स्व. नरेश बहादुर कुमालका छोरा हाल भरतपुर - ११ बस्ने श्री प्रेम कुमालले मृतकको एकलनाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको पर्सा शाखा, खैरहनी नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।


ISO 9001 Certified Bank
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

NIC ASIA
एन आई सी एशिया बैंक लि.
**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
जीतपूर शाखा, जीतपूरसिमरा उपमहानगरपालिका, बारा
सम्पर्क फोन: +९७७-०५३-४१२४१५/१६

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम श्री सुखराम महतोको नाति, जगरनाथ महतो धानुकको छोरा, पर्सा जिल्ला, चोर्नी गा.वि.स वडा नं. ४ हाल मधेश प्रदेश पर्सा जिल्ला, वीरगंज महानगरपालिका वडा नं. ३२ बस्ने २५ वर्षको श्री हरेराम मण्डलको मिति २०७९/१२/२४ (ई.सं. ०७/०४/२०२३) मा मृत्यु भएकोले स्व. हरेराम मण्डलकी पत्नी हाल वीरगंज महानगरपालिका वडा नं. ३२ बस्ने श्रीमती अनिता देवीले मृतकको एकलनाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको जीतपूर शाखा, जीतपूरसिमरा उपमहानगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

ISO 9001 Certified Bank
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि




**Chame Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Chame, Manang**
**Gandaki Province, Nepal**

**Invitation for electronic Bids**

***In First date of Publication: 30 May 2023 (2080/02/16)***

1. Chame Rural Municipality, Manang Invites the electronic bids only under e-procurement system from eligible bidders for the construction of projects mentioned below under National Competitive bidding. All other information and Bid Documents can be downloaded from **PPMO's website www.bolpatra.gov.np/egp** or may obtain at office. Interested eligible bidders are requested to submit E-Bid only as per instruction within the mentioned period.

| S.N | Name of Project | Contract ID | Cost of Bid Document (NRs) | Estimated cost (NRs) (Including VAT & PS) | Bid Security Amount (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Chame RM 4 Ward office Building | CRM-Works/ 12/079-80 | 3,000.00 | 52,02,262.92 | 1,30,000.00 | |
| **Last date of bid submission:** 29 June , 2023 (2080/03/14) | | | | | | |

2. Information to Deposit the cost of bidding document and bid security in Bank.

| For Purchasing Bidding Document | Cash Deposit for Bid Security |
|---|---|
| **Name of the Bank** : Nepal Bank Ltd., Chame, Manang, Nepal | **Name of the Bank** : Nepal Bank Ltd., Chame, Manang, Nepal |
| **Name of Office** : Chame Rural Municipality, Chame, Manang, Nepal | **Name of Office** : Chame Rural Municipality, Chame, Manang, Nepal |
| **Office Code no.** : 801044001 | **Office Code no.** : 801044001 |
| **Office Account no.** : Ga1.1[12803000001001000001] | **Office's Account No.** : 12803000003000000001 |
| **Rajaswa (Revenue) Shrishak No.:**-14229 | |

CMYK